आज मिति २०८१।०१।२६ गते यस कपुरकोट गाउँ कार्यपालिकाको १०९ औं बैठक गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा पालिकाको बैठक कक्षमा बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल प्रस्तावहरु माथि छलफल गरि निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | सदस्य | |
| ३ | श्री बालाराम खड्का | सदस्य | |
| ४ | श्री ईश्वर बुढा | सदस्य | |
| ५ | श्री प्रदिप खड्का | सदस्य | |
| ६ | श्री मित्रलाल कठायत | सदस्य | |
| ७ | श्री होम बहादुर खड्का | सदस्य | |
| ८ | श्री श्यामकृष्ण बोहरा | सदस्य | |
| ९ | श्री राधिका यरी | सदस्य | |
| १० | श्री अनिता पुन | सदस्य | |
| ११ | श्री तिला बुढाथोकी रोका | सदस्य | |
| १२ | श्री विमल कामी | सदस्य | |
| १३ | श्री रेवती सुनार | सदस्य | रेवती |
| १४ | श्री तिला कुमारी कामी | सदस्य | तिला |
| १५ | श्री भरत कुमार वली | सचिव | |

आमन्त्रित:

श्री खगेन्द्र बहादुर शाही - प्रशासन अधिकृत
श्री विष्णु प्रसाद आचार्य -लेखापाल
श्री तारादेवि सेन - का स
श्री रमेश कुमार आचार्य -प्रा.स

**कपुरकोट गाउँपालिकाको मिति २०८१।०१।२६ गतेको १०९ औं गाउँ कार्यपालिका बैठकका कार्यसुचिहरुः**

१. शिक्षा समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

२. शैक्षिक अध्ययन कार्यदल सम्बन्धमा ।

२. बालमैत्री स्थानीय शासन कार्यान्वयन सम्बन्धमा ।

३. लैङ्गिक हिंसा निवारण कोष परिचालन कार्यविधि २०८० सम्बन्धमा ।

४. विविध कार्यविधिहरु अनुमोदन सम्बन्धमा ।

५. विभिन्न डि पि आर हरु स्वीकृत सम्बन्धमा ।

६. विविध ।

२०८१/०१/२८

प्रमुख प्रशासकीय अधिकृत

कपुरकोट गाउँपालिकाको मिति २०८१।०१।२६ गतेको १०९ औं गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

१. कपुरकोट गाउँपालिका शिक्षा समितिको मिति २०८०।०१।२४ गतेको निर्णयहरु अनुमोदन गर्ने र सामुदायिक विधालय स्थगन तह तथा दरबन्दि मिलान कार्यविधि २०८१ र प्रधानाध्यापक व्यवस्थापन सम्बन्धी कार्यविधि २०८१ सम्वन्धमा आजको बैठकमा थप छलफलका लागि प्रस्तुत गर्ने ।

२. शिक्षा समितिबाट स्वीकृत भई पेश भएको सामुदायिक विद्यालयको शैक्षिक सुधारका विद्यालय एकीकरण, शिक्षक दरवन्दी मिलान र प्र अ व्यवस्थापन सम्बन्धी अध्ययन कार्यदलले पेश गरि शिक्षा समितिबाट सिफारिस भइ आएको प्रतिवेदन थप छलफलका लागि पेश गर्ने ।

३. बालमैत्री स्थानीय शासन कार्यान्वयन सम्वन्धमा आगामी तिन बर्ष भित्र बालमैत्री स्थानीय शासन लागु गर्ने गरि महिला बालबालिका तथा जेष्ठनागरिक ईकाईले पेश गरेको कार्यतालिका स्वीकृत गर्ने र आगामि आव देखि लागु हुने गरि रु २ लाख बराबरको बालकोष स्थापना गर्ने ।

४. लैङ्गिक हिंसा निवारण कोष परिचालन कार्यविधि २०८१ स्वीकृत गर्ने ।

५. विधेयक समितिद्वारा पेश भएका स्वास्थ्य क्षेत्रको अनुगमन ,मुल्यांकन तथा सुपरिवेक्षण निर्देशिका २०८१, कपुरकोट गाउँपालिका स्वास्थ्य संकट एवं विपद प्रतिकार्य पूर्व तयारी योजना २०८१, कपुरकोट आधारभुत अस्पताल फार्मेसी संचालन निर्देशिका २०८१ स्वीकृत गर्ने ।

६. युवामैत्री स्थानीय शासन कार्यान्वयन सम्वन्धमा आगामी तिन बर्ष भित्र युवामैत्री स्थानीय शासन लागु गर्ने गरि शिक्षा युवा तथा खेलकुद शाखाले पेश गरेको कार्यतालिका स्वीकृत गर्ने ।

७. पोषणमैत्री पालिका घोषणा गर्ने गरि स्वास्थ्य शाखाले पेश गरेको कार्यतालिका स्वीकृत गर्ने ।

८. आ व २०८०।०८१ मा निर्माण भई पेश भएका विभिन्न पर्यटकीय स्थलहरु (सातामुल धार्मिक क्षेत्र, रुम्टिलेक पर्यटकीय क्षेत्र र दुर्गा कालिका मन्दिर पर्यटकीय क्षेत्र) र कालापात्ला लिफ्ट खानेपानी योजनाको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गर्ने ।

९. यस पालिकाको सेवा प्रवाह मापदण्ड २०८० स्विकृत गर्ने ।

१०. आ व २०८०।८१ को दोस्रो बजेट तथा कार्यक्रम संसोधन स्वीकृत गर्ने ।

११. हालसम्मको गाउँपालिकाका कामकारवाहीहरुको समिक्षा गरि सदस्यहरुबाट आएका सुझावहरुलाई आगामि दिनहरुमा लागु गर्ने ।

१२. हालसम्मको पालिकाको आय व्यय बिवरण ,अनुगमन समिति र योजना जाँचपास तथा फरफारक समितिका सबै निर्णयहरु अनुमोदन गर्ने ।

१३. महिला समुहहरु गठन कार्यविधि २०८१ स्विकृत गर्ने ।